# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२।०९।२४

## प्रेस विज्ञप्ति

सञ्चारकर्ममा जुटिरहेको अवस्थामा एसटीएस टेलिभिजनका पत्रकार उषाकिरण ज्योति र लक्ष्मण ढुङ्गाललाई ट्राफिक प्रहरी हवल्दार डेबिङ श्रेष्ठले दुर्व्यवहार गरेकोप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

यही पुस २३ गते धनगढीको शहीद गेटस्थित ६ लेन सडकमा तीन जना सवार मोटरसाइकललाई चेकजाँच गरिरहेको भिडियो खिचेको भन्दै श्रेष्ठले ढुङ्गालको मोवाइल नियन्त्रणमा लिएर फोटो मेटाउन खोज्दै दुर्व्यवहार गरेको महासंघ कैलाली शाखाले जनाएको छ ।

पत्रकारमाथि गरिएको यो व्यवहार अत्यन्त निन्दनीय र प्रेसविरोधी छ । महासंघ यस्ता कार्यमा संलग्नमाथि आवश्यक कारबाही गरी प्रेस स्वतन्त्रताको सम्मान गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org